# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) बुटवल, रूपन्देही, बैशाख २४ गते, २०७६ साल (अतिरिक्ताङ्क १०


## भाग १

## प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७६ सालको ऐन नं. ८

## प्रदेश नं. ५, खानी अन्वेषण र व्यवस्थापन सम्बन्धी बनेको ऐन

**प्रस्तावनाः** संघीय लोकतान्त्रिक, गणतन्त्रात्मक, समाजवाद उन्मुख अर्थ व्यवस्थाको आधार तयार गर्दै सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न र प्रदेशको द्रुततर आर्थिक विकासका लागि प्रदेशमा खानी तथा खनिज पदार्थको अन्वेषण तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकाले,

प्रदेश नं. ५, प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “प्रदेश नं. ५, खानी अन्वेषण र व्यवस्थापन सम्बन्धी ऐन, २०७५” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) **“अनुमति प्राप्त व्यक्ति”** भन्नाले दफा ५ बमोजिम खनिज कार्य गर्ने अनुमति प्राप्त व्यक्ति वा संस्था सम्झनुपर्छ ।

(ख) **“खनिज कार्य”** भन्नाले खनिज पदार्थको खोज तलास, संरक्षण र प्रवर्धनको कार्य सम्झनुपर्छ ।

(ग) **“खनिज पदार्थ”** भन्नाले जमीनको सतह वा भूगर्भभित्र पाइने पेट्रोलियम र ग्याँस पदार्थ बाहेक कुनै निश्चित भौतिक गुण तथा तत्वको रासायनिक सम्मिश्रणयुक्त अप्राङ्गारिक (इनअर्गानिक) पदार्थ सम्झनुपर्छ ।

(घ) **“खनिज क्षेत्र”** भन्नाले खनिज कार्य गर्ने अनुमति पत्रमा उल्लेखित क्षेत्र सम्झनुपर्छ ।

(ङ) **“खोज तलास कार्य”** भन्नाले खानी वा खनिज पदार्थ पत्ता लगाउन वा खनिज पदार्थको प्रकार, गुणस्तर, परिमाण आदि निर्धारण गर्न गरिने सबै प्रकारको जाँचपड्ताल एवम् संभाव्यता अध्ययन कार्य सम्झनुपर्छ ।

(च) **“तोकिएको” वा “तोकिए बमोजिम”** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(छ) **"मन्त्रालय"** भन्नाले प्रदेश सरकारको खानी तथा भूगर्भ सम्बन्धी कार्य हेर्ने मन्त्रालय सम्झनुपर्छ।

३. **प्रदेश सरकारको सम्पत्ति**: निजी वा सरकारी स्वामित्वमा रहेको जुनसुकै जमीनको सतह वा जमिनमुनि रहेको वा पाइएको सम्पूर्ण खनिज पदार्थ प्रदेश सरकारको सम्पत्ति हुनेछ ।

४. **खनिज पदार्थको वर्गीकरण**: (१) यस ऐनको प्रयोजनका लागि खनिज पदार्थको प्रकृति एवम् महत्वको आधारमा खनिज पदार्थलाई देहाय बमोजिम वर्गीकरण गरिएको छ :-

(क) खनिज पदार्थको प्रकृतिको आधारमा वर्गीकरण :

(१) धातु खनिज, र

(२) अधातु खनिज ।

(ख) खनिज पदार्थको महत्वको आधारमा वर्गीकरण :

(१) अति महत्वपूर्ण खनिज,

(२) महत्वपूर्ण तथा बहुमूल्य खनिज, र

(३) सामान्य खनिज ।

(२) उपदफा (१) मा उल्लिखित वर्गहरु भित्र तोकिए बमोजिमका खनिज पदार्थ रहनेछन्।

५. **खनिज कार्य गर्ने अधिकार**: (१) खनिज कार्य गर्ने अधिकार प्रदेश सरकारलाई हुनेछ ।

(२) यस ऐनको अधीनमा रही मन्त्रालयले खनिज कार्य आफैले गर्ने वा अरु कुनै संस्था वा व्यक्तिलाई अनुमति प्रदान गरी गराउन सक्नेछ ।

(३) प्रदेश सरकारलाई खनिज कार्यमा पूँजी लगानी गरी वा अन्य कुनै प्रकारले हिस्सेदार बन्ने अधिकार हुनेछ ।

६. <u>खनिज कार्य गर्ने अनुमति</u>: (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमहरुको अधीनमा रही खनिज कार्य गर्न चाहने व्यक्ति वा संस्थाले गुणस्तर तथा परिमाण यकीन भई नसकेको खनिज पदार्थको हकमा सर्वप्रथम खोजतलास कार्य गर्ने अनुमतिका लागि र गुणस्तर तथा परिमाण यकीन भई सकेको खनिज पदार्थको हकमा खनिज कार्यको प्रस्तावित योजना समेत संलग्न गरी अनुमतिका लागि तोकिएको ढाँचामा तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि मन्त्रालयले आवश्यक जाँचबुझ गरी निवेदन दिने व्यक्ति आर्थिक एवम् प्राविधिक क्षमता भएको र खनिज कार्य गर्न आवश्यक योग्यता भएको देखिएमा निजलाई तोकिएको ढाँचामा तोकिएको दस्तुर लिई खनिज कार्य गर्ने अनुमति दिन सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास खनिज पदार्थको सम्बन्धमा मन्त्रालयले उपयुक्त देखेमा खनिज कार्यका लागि आवश्यक आर्थिक एवम् प्राविधिक क्षमता तथा योग्यता भएको व्यक्ति वा संस्थासँग खनिज सम्झौता गरी निजलाई तोकिएको ढाँचामा तोकिएको दस्तुर लिई खनिज कार्य गर्ने अनुमति दिन सक्नेछ ।

(४) यस दफा बमोजिम खोजतलास कार्य गर्ने अनुमति प्राप्त व्यक्तिले खनिज कार्य गर्ने अनुमति लिन चाहेमा खोजतलास अवधि समाप्त हुनु अगावै खोजतलास कार्यको विस्तृत प्रतिवेदन तथा खनिज कार्यको योजना समेत संलग्न गरी तोकिएको ढाँचामा मन्त्रालयमा निवेदन दिनुपर्नेछ ।

(५) उपदफा (४) बमोजिमको निवेदन प्राप्त भएपछि मन्त्रालयले आवश्यक जाँचबुझ गर्दा खनिज कार्यको योजना उपयुक्त देखेमा तोकिएको ढाँचामा तोकिएको दस्तुर लिई खनिज कार्य गर्ने अनुमति दिनेछ ।

(६) मन्त्रालयले खोजतलास कार्य गरी पत्ता लगाएको गुण र परिमाणसमेत यकीन भई सकेको खनिज पदार्थको खनिज कार्य गर्ने अनुमति लिन चाहने व्यक्ति वा संस्थासंग प्रदेश सरकारले चाहेमा त्यस्तो खोजतलास कार्यमा लागेको प्रत्यक्ष खर्च बराबरको रकम वा शेयर लिन सक्नेछ ।

(७) यस दफा बमोजिम खनिज कार्य गर्ने अनुमति दिंदा मन्त्रालयले खनिज कार्यको क्षेत्र अवधि र त्यस्तो खनिज कार्यमा प्रदेश सरकार हिस्सेदार बन्ने भएमा तत्सम्बन्धी कुराहरुसमेत उल्लेख गर्नुपर्नेछ।

७. **<u>खनिज कार्य गर्ने अधिकार</u>**: (१) कुनै क्षेत्रमा कुनै खनिज पदार्थको खोज तलास कार्य गर्ने अनुमति प्राप्त व्यक्ति वा संस्थालाई सो क्षेत्रमा सोही खनिज पदार्थको खनिज कार्य गर्न अनुमति पाउने अधिकार हुनेछ ।

(२) खोजतलास कार्य गर्ने अनुमति प्राप्त व्यक्ति वा संस्थाले खोजतलास कार्य गर्दा अनुमतिपत्रमा उल्लिखित खनिज पदार्थबाहेक अन्य खनिज पदार्थ पत्ता लागेमा त्यसको जानकारी तीस दिनभित्र मन्त्रालयलाई दिनु पर्नेछ र निजलाई त्यस्तो खनिज पदार्थको खनिज कार्य गर्न प्राथमिकता दिइनेछ ।

तर, त्यस्तो व्यक्ति वा संस्थालाई दफा १४ को उपदफा (३) बमोजिम तोकिएको खनिज पदार्थको खनिज कार्य गर्न अनुमति पाउने अधिकार हुने छैन ।

८. **<u>अनुमतिपत्रको नवीकरण</u>** : अनुमति प्राप्त व्यक्ति वा संस्थाले प्रत्येक वर्ष खनिज कार्य गर्ने अनुमतिपत्र तोकिएको दस्तुर तिरी तोकिएको समयमा नवीकरण गराउनु पर्नेछ ।

९. **<u>खनिज क्षेत्रको आकार तथा क्षेत्रफल</u>**: खनिज क्षेत्रको आकार तथा क्षेत्रफल तोकिए बमोजिम हुनेछ ।

१०. **खोज तलास अवधि**: खोजतलास कार्यको अवधि खानीको प्रकृति अनुसार तोकिए बमोजिम हुनेछ ।

११. **खनिज अवधि**: खनिज अवधि खनिज पदार्थको प्रकृति, परिमाण र सो कार्यका लागि चाहिने प्रविधि, पूँजी र लगानीको प्रक्षेपित प्रतिफलको आधारमा तोकिए बमोजिम हुनेछ ।

१२. **खनिज कार्यको संचालन**: (१) अनुमति प्राप्त व्यक्ति वा संस्थाले खनिज कार्यको संचालन खनिज कार्य गर्ने अनुमतिमा तोकिएको अवधि भित्र गर्नुपर्नेछ ।

(२) अनुमति प्राप्त व्यक्ति वा संस्थाले खनिज कार्य गर्दा अपनाउनु पर्ने कार्यविधि र प्रक्रिया तथा पालन गर्नुपर्ने शर्तहरु तोकिए बमोजिम हुनेछ ।

१३. **खनिज कार्य गर्दा वातावरणमा प्रतिकूल असर पार्न नहुने**: (१) खनिज कार्य गर्ने व्यक्ति वा संस्थाले खनिज कार्य गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी गर्नुपर्नेछ । साथै, त्यस्तो खनिज कार्य गर्ने व्यक्ति वा संस्थाले वातावरण संरक्षणका सम्बन्धमा तोकिए बमोजिमका बचाउका उपायहरु अपनाउनु पर्नेछ ।

(२) खनिज कार्य गर्ने व्यक्ति वा संस्थाले वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्ने कार्य गरेको देखिएमा त्यस्तो कार्यमा सुधार ल्याउन मन्त्रालयले सम्बन्धित व्यक्ति वा संस्थालाई आवश्यक निर्देशन दिनेछ ।

(३) उपदफा (२) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ।

**स्पष्टीकरण**: यस दफाको प्रयोजनका लागि "वातावरणमा उल्लेखनीय प्रतिकूल असर" भन्नाले कुनै खनिज कार्य गर्दा वातावरणमा पर्नसक्ने तोकिए बमोजिमको असर सम्झनुपर्छ ।

१४. **विशेष व्यवस्था** : (१) मन्त्रालयले राष्ट्रिय सुरक्षा, सार्वजनिक हित वा ऐतिहासिक महत्वको दृष्टिकोणबाट कुनै क्षेत्रलाई खनिज कार्यको लागि निषेधित क्षेत्र घोषित गर्न वा कुनै क्षेत्रको सम्बन्धमा विशेष शर्तहरु तोकी खनिज कार्य गर्ने अनुमति दिन सक्नेछ ।

(२) मन्त्रालयले खनिज कार्य गर्ने अनुमति दिइसकेको क्षेत्रमा अनुमति प्राप्त व्यक्ति वा संस्थाको खनिज कार्यमा कुनै बाधा अड्चन नपर्ने गरी खनिज कार्यको लागि अनुमति दिइसकेको खनिज पदार्थ बाहेक अन्य खनिज पदार्थको खनिज कार्य आफैले गर्न वा अरु कुनै व्यक्ति वा संस्थालाई अनुमति प्रदान गरी गराउन सक्नेछ ।

(३) प्रदेश सरकारले कुनै खास खनिज पदार्थको खनिज कार्य मन्त्रालय वा मन्त्रालयले तोकेको अन्य सरकारी निकायले मात्र गर्न पाउने गरी तोक्न सक्नेछ ।

(४) सर्वसाधारणले निजी प्रयोगका निमित्त उपयोग गरी आएको प्रचलनमा प्रतिकूल असर नपर्ने गरी प्रदेश सरकारले निर्माण कार्यको प्रयोगमा आउने साधारण माटो, ढुङ्गा र बालुवा, रोडा (गिट्टी) लगायतका खनिज पदार्थका सम्बन्धमा छुट्टै कार्यविधि वा निर्देशिका जारी गर्न सक्नेछ ।

१५. **आदेश दिन सक्ने**: मन्त्रालयले खनिज कार्यबाट खानी वा खनिज पदार्थको भण्डारलाई हुनसक्ने क्षति, कसैको जीउ वा सम्पत्तिमा पर्न सक्ने चोटपटक वा नोक्सानी रोकथाम गर्न, कुनै प्रतिष्ठानमा हानी नोक्सानी हुन नदिन र भू-क्षय हुन नदिन आवश्यक आदेश दिन सक्नेछ ।

१६. **खनिज पदार्थको निर्यात**: खनिज पदार्थको निर्यात सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

१७. **सुरक्षाको लागि हातहतियार राख्न सक्ने**: अनुमति प्राप्त व्यक्ति वा संस्थाले खनिज कार्यको सिलसिलामा जीउज्यान तथा धन सम्पत्तिको सुरक्षाका

लागि प्रचलित कानूनको अधीनमा रही आवश्यक हातहतियार राख्न सक्नेछ ।

१८. **सञ्चार उपकरण राख्न सक्ने**: (१) अनुमति प्राप्त व्यक्ति वा संस्थाले प्रचलित कानूनको अधीनमा रही खनिज कार्यका लागि आवश्यक सञ्चार उपकरणहरु राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सञ्चार उपकरण राख्ने सम्बन्धी व्यवस्था अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

१९. **सुविधा तथा सहुलियत**: अनुमति प्राप्त व्यक्ति वा संस्थाले खनिज कार्य गर्दा पाउने सुविधा तथा सहुलियत तोकिए बमोजिम हुनेछ ।

२०. **रोयल्टी तथा अन्य दस्तुर**: अनुमति प्राप्त व्यक्ति वा संस्थाले मन्त्रालयलाई खनिज पदार्थको प्रकार, गुणस्तर र परिमाणको आधारमा तोकिएको दरमा रोयल्टी तथा अन्य दस्तुर बुझाउनु पर्नेछ ।

२१. **स्थानीय विकास शुल्क**: अनुमति प्राप्त व्यक्ति वा संस्थाले रोयल्टीको आधारमा तोकिएको दरमा सम्बन्धित तहमा तोकिए बमोजिम शुल्क बुझाउनु पर्नेछ ।

२२. **सूचना तथा प्रतिवेदन**: अनुमति प्राप्त व्यक्ति वा संस्थाले तोकिए बमोजिम सूचना तथा प्रतिवेदन मन्त्रालयमा दिनुपर्नेछ ।

२३. **जग्गा प्राप्त गर्ने वा जग्गामा प्रवेश गर्ने**: (१) दफा १४ को उपदफा (१) बमोजिम निषेध गरिएको क्षेत्रमा बाहेक अन्य क्षेत्रमा रहेको कुनै जग्गा खनिज कार्यका लागि अस्थायी वा स्थायी तवरले आवश्यक पर्ने भएमा देहायको कुराको अधीनमा रही उपयोग गर्न वा प्राप्त गर्न सकिनेछः-

(क) त्यस्तो जग्गा प्रदेश सरकारको भए अनुमति प्राप्त व्यक्ति वा संस्थाले प्रदेश सरकारलाई तोकिए बमोजिम भू-बहाल बुझाई उपयोग गर्न सक्नेछ ।

(ख) त्यस्तो जग्गा निजी स्वामित्वको भए प्रदेश सरकारले अनुमति प्राप्त व्यक्ति वा संस्थालाई निजकै खर्चमा प्रचलित कानून बमोजिम प्राप्त गराई दिन वा भू-वहालमा दिलाईदिन सक्नेछ ।

(२) खनिज कार्यका लागि कुनै जग्गामा केही समयको लागि कुनै यन्त्र, उपकरण, औजार जडान गर्न वा नाप नक्शा वा खनिज कार्य सम्बन्धी अन्य कुनै काम गर्न आवश्यक भएमा उपदफा (३) को अधीनमा रही त्यस्तो जग्गामा प्रवेश गरी त्यस्तो काम गर्न सक्नेछ ।

(३) मन्त्रालय वा अनुमति प्राप्त व्यक्ति वा संस्थाले खनिज कार्य गर्दा कुनै जग्गावालाले आफ्नो जग्गा उपभोग गर्न नपाएमा वा त्यस्तो जग्गामा रहेको बाली, रुख, घर, वस्तु वा अन्य सम्पत्ति नोक्सानी भएमा गाउँपालिका, नगरपालिका वा उपमहानगरपालिकाको सिफारिसमा प्रचलित दरभाउलाई समेत ध्यानमा राखी सम्बन्धित जग्गावालालाई क्षतिपूर्ति दिइनेछ ।

२४. <u>**विष्फोटक पदार्थको प्रयोग**</u>: खनिज कार्यका लागि चाहिने विष्फोटक पदार्थहरु अनुमति प्राप्त व्यक्ति वा संस्थाले प्रदेश सरकारले समय समयमा निर्णय गरे बमोजिमको शर्त तथा प्रचलित कानूनको अधीनमा रही पैठारी, सञ्चय, ओसार–पसार र प्रयोग गर्न सक्नेछ ।

२५. <u>**निरीक्षण तथा जाँचबुझ**</u>: (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खनिज कार्य भए नभएको निरीक्षण तथा जाँचबुझ गर्न प्रदेश सरकारले मन्त्रालय वा कुनै विशेषज्ञ, अधिकारी वा निकायलाई तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको विशेषज्ञ, अधिकारी वा निकायलाई निरीक्षण तथा जाँचबुझको सिलसिलामा खनिज कार्य भइरहेको वा हुने जुनसुकै ठाउँमा प्रवेश गर्न दिनु र निजले मागेको कागजात तथा

विवरण उपलब्ध गराउनु अनुमति प्राप्त व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ।

२६. **खनिज पदार्थ प्रवर्धन केन्द्र**: (१) खानी तथा खनिज पदार्थको प्रवर्धन गर्न एवम् खनिज कार्यमा सहयोग पुऱ्याउन प्रदेश सरकारले खनिज पदार्थ प्रवर्धन कार्यक्रम संचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम संचालन गर्नका लागि प्रदेश सरकारले खनिज पदार्थ प्रवर्धन केन्द्र स्थापना गर्न सक्नेछ । यस्तो केन्द्र स्थापना नभएसम्मका लागि मन्त्रालयको सम्बन्धित महाशाखाले यस्तो कार्य गर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्थापित खनिज पदार्थ प्रवर्धन केन्द्रको काम, कर्तव्य र अधिकार एवम् कार्यविधि तोकिए बमोजिम हुनेछ।

२७. **जरिवाना**: (१) कसैले यस ऐन बमोजिम खनिज कार्य गर्ने अनुमति नलिई खनिज कार्य गरेमा प्रदेश सरकारले त्यस्तो खनिज कार्य बन्द गरी खनिज कार्यमा प्रयोग गरिएको यन्त्र, उपकरण, औजार र मालसामान तथा अनधिकृत तवरले उत्खनन् गरेको खनिज पदार्थ समेत जफत गर्नुको साथै त्यस्तो व्यक्तिलाई एकलाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कार्यबाट नोक्सान भएको धनसम्पत्तिको क्षति पनि भराउन सक्नेछ।

(२) अनुमति प्राप्त व्यक्ति वा संस्थाले दफा १३ को उपदफा (२) बमोजिम दिइएको निर्देशन वा दफा १५ बमोजिमको आदेश पालन नगरेमा त्यस्तो निर्देशन वा आदेश पालन नगरेसम्म मन्त्रालयले खनिज कार्य स्थगित गर्न वा खनिज कार्य गर्ने अनुमति नै रद्द गर्न सक्नेछ । त्यस्तो निर्देशन वा आदेश पालन नगरेको कारणबाट खानी वा खनिज पदार्थको भण्डारमा क्षति पुग्न गएमा, भू-क्षय भएमा वा कसैको जीउ वा धन सम्पत्तिमा चोटपटक वा नोक्सानी पर्न गएमा एकलाख रुपैयाँसम्म

जरिवाना गर्न सक्नेछ र नोक्सानीको आधारमा मनासिब क्षतिपूर्ति समेत अनुमति प्राप्त व्यक्तिबाट भराउनु पर्नेछ ।

(३) अनुमति प्राप्त व्यक्ति वा संस्थाले दफा २२ बमोजिम मन्त्रालयमा दिनुपर्ने सूचना वा प्रतिवेदन नदिएमा त्यसरी सूचना वा प्रतिवेदन नदिएसम्म मन्त्रालयले खनिज कार्य स्थगित गर्न सक्नेछ।

(४) अनुमति प्राप्त व्यक्ति वा संस्थाले यस दफामा लेखिएदेखि बाहेक यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै काम गरेमा मन्त्रालयले निजलाई एकलाख रुपैयाँ जरिवाना गर्न वा खनिज कार्य गर्न दिइएको अनुमति रद्द गर्न सक्नेछ ।

(५) उपदफा (१), (२), (३) र (४) बमोजिम कारवाही गर्नु भन्दा अगाडि मन्त्रालयले सम्बन्धित व्यक्ति वा संस्थालाई स्पष्टीकरण पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

(६) मन्त्रालयबाट अनुमति प्राप्त व्यक्ति वा संस्थाले यस ऐन बमोजिम खनिज कार्य गर्दा कसैले बाधा विरोध वा रोकटोक गरेमा निजलाई प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अधिकारीको आदेशले पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(७) उपदफा (१), (२), (३), (४) र (६) बमोजिम भएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिन भित्र उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

२८. **मध्यस्थता**: प्रदेश सरकार र अनुमति प्राप्त व्यक्ति वा संस्थावीच खनिज कार्यसँग सम्बन्धित कुनै कुराको सम्बन्धमा उठेको कुनै विवाद दुवै पक्षले आपसी सरसल्लाहबाट सुल्झाउन नसकेमा दुवै पक्षबीचमा भएको सम्झौतामा उल्लेख भएकोमा उल्लेख भए बमोजिम र सम्झौतामा उल्लेख नभएकोमा तोकिए बमोजिम मध्यस्थताद्वारा समाधान गरिनेछ ।

२९. **विशेष अधिकारः** (१) प्रदेश सरकारले प्रादेशिक सुरक्षा वा सार्वजनिक हितका लागि आवश्यक देखेमा तुरुन्त खनिज कार्य रोक्का गरी खनिज कार्य गर्ने अनुमति रद्द गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारले खनिज कार्य गर्ने अनुमति रद्द गर्दा अनुमति प्राप्त व्यक्ति वा संस्थालाई पर्न गएको प्रत्यक्ष हानी नोक्सानीको निमित्त मनासिव माफिकको क्षतिपूर्ति दिनेछ ।

३०. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानूनको प्रतिकूल नहुने गरी प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

३१. **बचाउः** यसपूर्व खानी अन्वेषण तथा व्यवस्थापन सम्बन्धमा कानून बमोजिम भएका काम कारवाहीलाई यसै ऐन अन्तर्गत भए गरेको मानिनेछ ।

प्रमाणीकरण मितिः २०७६/०१/२४

**आज्ञाले,**
**केशवराज आचार्य**
**प्रदेश सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय